# राजापुर राजपत्र

## राजापुर नगरपालिकाद्धारा प्रकाशित

खण्ड – ८ राजापुर, बैशाख १७ गते २०८३ साल संख्या –१

### भाग २

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम राजापुर नगरपालिकाको नगरकार्यपालिकाबाट मिति २०८३।०१।१६ गते पारित भई नगर प्रमुखबाट मिति २०८३ बैशाख १७ गते प्रमाणितकरण गरी सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# विद्यालय समायोजन तथा दरबन्दी मिलान सम्बन्धी कार्यविधि-२०८३
# राजापुर नगरपालिका

प्रस्तावनाः

जनसाङ्ख्यिक संरचनामा आएको परिवर्तन, तीव्र सहरीकरण,सडक यातायातको संजालमा भएको वृद्धि, विद्यालय शिक्षा क्षेत्र योजनाको अवधारणा बमोजिम राजापुर नगरपालिका क्षेत्रभित्र प्रारम्भिक बालशिक्षा कक्षादेखि बाह्रसम्मको विद्यालय शिक्षालाई गुणस्तरीय र समयानुकूल बनाउन दुई वा दुईभन्दा बढी आधारभूत तथा माध्यमिक विद्यालयहरुलाई एउटा विद्यालयमा गाभी विद्यालय समायोजन गर्न, विद्यार्थी सङ्ख्या तथा भौगोलिक दुरी बमोजिम विद्यालयको तह तथा कक्षा घटाउन र विद्यार्थी संख्याको अनुपातमा शिक्षक व्यवस्थापन गर्न दरबन्दी मिलान सम्बन्धी कार्यलाई व्यवस्थित रुपमा अगाडी बढाउनका लागि राजापुर नगरपालिकाको दश वर्षे शिक्षा क्षेत्र योजना २०८३, स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ को (ज) र राजापुर नगरपालिकाको शिक्षा ऐन २०८० ले दिएको अधिकार प्रयोग गरी राजापुर नगर कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद-१संक्षिप्त नाम र प्रारम्भ

**१.संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम"**विद्यालय समायोजन तथा दरबन्दी मिलान सम्बन्धी कार्यविधि, २०८३**" रहेको छ ।

(ख) यो कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

**२.परिभाषाः**

(क) "**ऐन**"भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनुपर्छ ।

(ख)"**शाखा**"भन्नाले राजापुर नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्छ ।

(ग)“**कार्यविधि**”भन्नाले विद्यालय समायोजन तथा दरबन्दी मिलान सम्बन्धी कार्यविधि, २०८३ सम्झनुपर्छ।

(घ)“**शिक्षा ऐन**” भन्नाले शिक्षा ऐन, २०२८ सम्झनुपर्छ ।

(ङ)“**नगर शिक्षा ऐन**” भन्नाले राजापुर नगरपालिकाको विद्यालय शिक्षा संचालन,व्यबस्थापन र नियमन गर्न वनेको शिक्षा ऐन, २०८० सम्झनुपर्छ ।

**३.कार्यविधिको दायराः**

(क) नगर शिक्षा ऐन, २०८०

(ख) शिक्षा नियमावली, २०५९(संसोधन सहित)

(ग) स्थानीय सरकार सञ्चालन ऐन, २०७४

(घ) शिक्षा ऐन, २०२८ (संशोधनसहित)

(ङ) बुँदा क, ख, ग र घ का दायराभित्र देहायका क्षेत्रमा यो कार्यविधि क्रियाशिल रहनेछ ।

(१) प्रारम्भिक बालविकास कक्षा तथा शिक्षक व्यवस्थापन

(२) कक्षा(१-१२)सम्मको शिक्षक दरबन्दी मिलान,सरुवा तथा पदस्थापन

(३) विद्यालय समायोजन, एकीकरण,कक्षा र तह व्यवस्थापन

## परिच्छेद-२ दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापन

**४.प्रारम्भिक बालविकास कक्षा तथा शिक्षक व्यवस्थापनः**

(१) प्रत्येक सामुदायिक विद्यालयमा कम्तिमा एउटा बालविकास कक्षा रहनेछ ।

(२) उपनियम (४) को (१) बमोजिमको व्यवस्था पश्चात विद्यार्थी संख्या र भौगोलिक अवस्थाका आधारमा बालविकास कक्षाको पुनर्वितरण गरिनेछ ।

(३) बालविकास कक्षाको समायोजन गर्दा शिक्षक विद्यार्थी अनुपात सामान्यतया १:२० को आधार लिइनेछ । तर सो अनुपातभन्दा बढी भएको अवस्थामा २१-४० जना विद्यार्थी भएमा २ जना, ४१-६० भएमा ३ जना, ६१-८० भएमा ४ जना र ८१ देखि माथि जतिसुकै भएमा ५ जना बालविकास शिक्षकको दरबन्दी रहनेछ ।

(४) बालविकास शिक्षकहरुले यो कार्यविधि प्रारम्भ भएको मितिदेखि नयाँ बाल विकास शिक्षक नियुक्त गर्दा बाल विकास शिक्षकको योग्यता १२ कक्षा उत्तीर्ण भएको हुनुपर्नेछ ।

(५) बालविकास कक्षामा कार्यरत जनशक्तिलाई विद्यार्थी संख्याका आधारमा एक कक्षाबाट अर्कोमा स्थानान्तरण गर्दा सामुदायमा आधारित बालविकास कक्षाका शिक्षकलाई पायक पर्ने विद्यालयमा आवश्यकता,शैक्षिक योग्यता र नियुक्तिको कनिष्ठताका आधारमा उपनियम(४) को (३) बमोजिम व्यवस्थापन गरिनेछ ।

**५. शिक्षक दरबन्दी मिलान एवम् समायोजनः**

नेपाल सरकारबाट विद्यालयगत रुपमा वा एकमुष्ट रुपमा उपलब्ध दरबन्दी संख्या तथा नगरपालिकाबाट वितरण भएको नगर शिक्षक अनुदान र विद्यार्थी संख्याका आधारमा देहाय बमोजिम शिक्षक दरबन्दी मिलान गर्नेः

(१) शैक्षिक सत्र २०८२/०८३को IEMIS का आधारमा सत्यापन गर्दा आएको विवरण बमोजिम कक्षागत विद्यार्थी संख्यालाई आधार मान्ने ।

(२) विद्यालयमा स्वीकृत दरबन्दीमा कार्यरत स्थायी/अस्थायी, राहत/नगर अनुदान कोटामा कार्यरत शिक्षकहरु तथा काजमा रहेका शिक्षकको हकमा जुन विद्यालयबाट तलबभत्ता पाउँदछन् सोही विद्यालयको शिक्षकमा गणना गर्ने ।

(३) दरबन्दी मिलान कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न देहायका सदस्यहरु रहको सहजीकरण समिति रहनेछ ।

(क) सामाजिक विकास समिति संयोजक -संयोजक

(ख) नगरप्रमुखले तोकेको एक जना कार्यपालिका सदस्य -सदस्य

ग) शिक्षकहरु मध्येबाट शिक्षा समितिले तोकेको एक जना महिला शिक्षक सहित २ जना - सदस्य

(घ) शिक्षा शाखा प्रमुख -सदस्य सचिव

(४) कार्यदलबाट प्राप्त खाकामा नगर शिक्षा समितिले छलफल गरी उपयुक्त ठानेमा सोही अनुरुप दरबन्दी मिलानमा आवश्यक राय सुझाव सहित मिलानका लागि कार्यपालिकामा सिफारिस गर्नेछ ।

**६. विद्यालयगत एवम् तहगत रुपमा आवश्यक शिक्षक ब्यवस्था गर्दा लिइने आधारहरुः**

कक्षागत विद्यार्थीको आधारमा शिक्षक थप गर्दा प्रतिकक्षा तोकिएको मापदण्ड भन्दा ४० प्रतिशत बढी विद्यार्थी भएमा ( जस्तो ५० को ४० प्रतिशत अर्थात विद्यार्थी संख्या ७१ जना) तह बमोजिम विद्यार्थी संख्या हिसाव गरी थप शिक्षक प्रदान गर्ने।

**(क) आधारभूत तह (कक्षा १-३) सञ्चालन भएका सामुदायिक विद्यालयको सम्बन्धमाः**

(१) विद्यालयमा २० जना भन्दा न्यूनतम विद्यार्थी संख्या भएमा १ दरबन्दी कायम गर्ने।

(२) विद्यार्थी संख्या २१ देखि ५० जनासम्म भएमा २ दरबन्दी (स्वीकृत/राहत/नगर) कायम गर्ने ।

(३) विद्यालयमा ५१ वा सो भन्दा बढी विद्यार्थी भएमा ३ दरबन्दी कायम गर्ने तर १५० जना विद्यार्थी नपुगेसम्म थप दरबन्दी प्रदान नगर्ने । सो भन्दा

माथि विद्यार्थी संख्या भएमा शिक्षक विद्यार्थी अनुपातका तथा उपनियम (६) को (१) बमोजिम दरबन्दी थप गर्ने ।

**(ख) आधारभूत तह (कक्षा १-५) सञ्चालन भएका सामुदायिक विद्यालयको सम्बन्धमाः**

(१) विद्यालयमा ३० जना भन्दा न्यून विद्यार्थी भएमा २ सम्म दरबन्दी (स्वीकृत/राहत कोटा) कायम गर्ने ।

(२) न्यूनतम विद्यार्थी संख्या ३१ देखि ८० जनासम्म भएमा ३ सम्म दरबन्दी (स्वीकृत/राहत कोटा) कायम गर्ने ।

(३) विद्यार्थी संख्या ८१ देखि १२५ जनासम्म भएमा ४ सम्म शिक्षक दरबन्दी (स्वीकृत/राहत कोटा)कायम गर्ने ।

(४) विद्यालयमा विद्यार्थी संख्या १२६ जना वा सो भन्दा बढी भएमा ५ शिक्षक दरबन्दी कायम गर्ने तर २५० जना नपुगेसम्म त्यस्ता विद्यालयमा ५ जना भन्दा बढी शिक्षक हुने गरी दरबन्दी थप नगर्ने र सो भन्दा माथि विद्यार्थी संख्या भएमा उपनियम (६) को (१) बमोजिम दरबन्दी थप गर्ने ।

(५) दरबन्दी थपघट हुँदा आधारभूत तह (१-५)मा शिक्षा नियमावली,२०५९ अनुसार महिला शिक्षकको दरबन्दीमा महिला शिक्षक नै व्यवस्थापन हुने गरी दरबन्दी मिलान गर्ने ।

**(ग) आधारभूत तह (कक्षा ६-८) सञ्चालन भएका सामुदायिक विद्यालयको सम्बन्धमाः**

(१) कक्षा (१-८) सञ्चालन भएको विद्यालयको हकमा आधारभूत तह( १-५) का न्युनतम ५ वटा दरबन्दी र कक्षा(६-८)को विद्यार्थी संख्या ५० भन्दा कम विद्यार्थी भए ३ जना सो भन्दा बढी विद्यार्थी भए ४ जना (अंग्रेजी-१,गणित/विज्ञान-१,नेपाली-१,सामाजिक-१)र विद्यार्थी संख्या र विषयगतको आधारमा शिक्षक थप गर्नु पर्दा उपनियम(६) को (१)का आधारमा दरबन्दी थप गर्ने ।

**(घ) माध्यमिक तह (कक्षा ९-१०) सञ्चालन भएका सामुदायिक विद्यालयको सम्बन्धमाः**

१. कक्षा(१-१०)सञ्चालन भएका विद्यालयमा आधारभूत तह ( १-५)का न्यूनतम ५ वटा दरबन्दी र आधारभूत तह(कक्षा६-८) का न्यूनतम विषयगत ४ वटा दरबन्दी सहित माध्यमिक तहमा ५० जना भन्दा कम विद्यार्थी भएमा ४ शिक्षक दरबन्दी र ५० जना भन्दा बढी विद्यार्थी भएमा न्यूनतम ५ जना (अंग्रेजी-१,विज्ञान-१,गणित-१,नेपाली-१,सामाजिक-१गरी५) माध्यमिक तहको शिक्षक दरबन्दी(दरबन्दी/राहत/नगर ) कायम गर्ने । विद्यार्थी संख्या र विषयगतको आधारमा शिक्षक थप गर्नु पर्दा उपनियम(६) को (१) आधारमा दरबन्दी थप गर्ने ।

**(ङ) माध्यमिक तह (कक्षा ११-१२) सञ्चालन भएका सामुदायिक विद्यालयको सम्बन्धमाः**

(१) माध्यमिक तह कक्षा(११-१२)का लागि शिक्षक दरबन्दी मिलान तथा समायोजन उपलब्ध दरबन्दी तथा अनुदान कोटाको आधारमा गर्ने तर कक्षा ११-१२ सञ्चालनका लागि प्रति विषय न्यूनतम २० जना विद्यार्थी हुनुपर्नेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि गणित, विज्ञान, कम्प्युटर विज्ञान तथा अन्य विषयमा तोकिएको विद्यार्थी नभएमा शिक्षा समितिको निर्णयबमोजिम हुनेछ।

**(च)** सञ्चालित कक्षा र न्यूनतम विद्यार्थी संख्याका आधारमा दरबन्दी कायम गर्दा बचत भएका दरबन्दी आगामी शैक्षिक सत्रमा विद्यार्थी संख्या बढी भएका विद्यालयमा मिलान गर्ने गरी हाल विद्यार्थी संख्या सन्तोषजनक रहेका विद्यालयमा जगेडा दरबन्दी कायम गर्ने ।

**(छ)** जगेडा दरबन्दी रहेका विद्यालयमा जुनसुकै कारणले पद रिक्त हुन आएमा जगेडा दरबन्दीमा शिक्षक व्यवस्थापन गर्न नदिने ।

(ज) मौजुदा दरबन्दी भएको विद्यालयबाट कटौतीमा परेको दरबन्दीमा कार्यरत शिक्षकलाई हाल सोही विद्यालयमा जगेडामा राख्ने व्यवस्था मिलाउने ।

(झ) शिक्षा तथा मानवस्रोत विकास केन्द्रको पत्रानुसार यस नगरपालिकाको लागि कायम भएको दरबन्दी अनुसार थप हुनुपर्ने शिक्षक आएमा वा रिक्त दरबन्दी आएमा वा दरबन्दी अनुसार शिक्षक व्यवस्थापन गर्ने निर्देशन सहित रकम प्राप्त भएपछि मात्र विद्यालयमा दरबन्दी मिलान कार्यलाई पूर्ण रुपमा कार्यान्वयन गरिनेछ।

(ञ) आधारभूत (१-५) तहमा दरबन्दी मिलान गर्दा शिक्षक कटौती हुने तर आधारभूत (६-८) तहमा कायम भएको दरबन्दी उपलब्ध गराउन नसकिने अवस्था रहेमा त्यस्ता विद्यालयबाट आधारभूत (१-५) तहका दरबन्दी र दरबन्दीमा कार्यरत शिक्षक मिलान गरी अन्य विद्यालयमा पठाइने छैन । तर माथिल्लो तहमा दरबन्दी थप गर्नु पर्ने नभएमा शिक्षक व्यवस्थापन गर्न बाधा पर्ने छैन ।

(ट) यस कार्यविधि अनुसारको न्यूनतम शिक्षक दरबन्दी संख्या भन्दा बढी शिक्षक कुनै विद्यालयमा भएमा कनिष्टता, विद्यालयको आवश्यकता र स्वयं शिक्षकको इच्छालाई मध्यनजर गरी तहगत वा विषयगत रुपमा शिक्षक व्यवस्थापन हुने गरी दरबन्दी मिलान गरिनेछ ।

**७.दरबन्दी मिलान पछि गर्ने शिक्षक व्यवस्थापन सम्बन्धमाः**

(१) उपर्युक्त बमोजिम दरबन्दी मिलान गर्दा आधारभूत तह कक्षा १-८ को विद्यार्थी संख्या र शिक्षक संख्यालाई आधार मानि गर्ने र बढी हुन आउने शिक्षक दरबन्दीलाई(स्थायी, अस्थायी, राहत/नगरअनुदान) नगर शिक्षा समितिले पुल दरबन्दीमा राख्दा आधारभूत तह कक्षा १-५ मा कार्यरत स्थायी,करार र नगर शिक्षकलाई राख्ने र विद्यार्थी अनुपातका आधारमा अन्य विद्यालयमा खटाउँदा सबै भन्दा बढी विद्यार्थी भएका विद्यालयलाई प्राथमिकता दिई शिक्षक कमी भएका विद्यालयहरुमा खटाउने ।

(२) शिक्षक दरबन्दी कटौती गर्दा सर्वप्रथम नगर अनुदान/राहत कोटामा रहेका कनिष्टतम शिक्षक र विद्यालयमा नियुक्तिको कनिष्टताको आधारमा अस्थायी र त्यसपछि स्थायी शिक्षकको दरबन्दी कटौती गरी पुल दरबन्दी कायम गर्ने ।

(३) नगरपालिकाका विद्यालयमा स्थानको उपलब्धता र शिक्षकहरुको जेष्ठताको आधारमा रोजिएको विद्यालयमा खटाउने र स्नाकोत्तर उत्तीर्ण शिक्षकलाई सकेसम्म मा वि(कक्षा९-१२)सञ्चालित विद्यालयमा पठाउने व्यवस्था गर्ने।

(४) दरबन्दी मिलान तथा समायोजनको कार्य गर्दा आधारभूत तह(कक्षा१-५)मा अधिक हुन आउने शिक्षक दरबन्दीलाई शैक्षिक योग्यता र विषय अनुसार सोही विद्यालयको आधारभुत तहमा(६-८) गणना गरी समायोजन गर्ने।

(५) कुनै विद्यालयको आधारभूत तहमा बढी हुन आएका शिक्षकदरबन्दी आवश्यकतानुसार दरबन्दी नपुग भएका विद्यालयहरुमा मिलान एवम् समायोजन गर्ने ।

## परिच्छेद-३ विद्यालय समायोजन एवम एकीकरणका आधारहरु

**८. विद्यालय समायोजन, तह र कक्षा व्यवस्थापन सम्बन्धी व्यवस्थाः**

(१) यस नगरपालिका अन्तरगत सञ्चालनमा रहेका विगतदेखि विद्यार्थी संख्या अति न्यून रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरुलाई एक आपसमा समायोजन गरी विद्यालयको व्यवस्थापकीय र शैक्षिक सुधारको कार्य गरी गुणस्तरीय शिक्षा पाउनु पर्ने अधिकारलाई मध्यनजर गर्दै देहायका आधारहरुमा सामुदायिक तथा संस्थागत विद्यालय गाभ्ने, तह वा कक्षा घटाउने सम्बन्धमा निर्णय लिइनेछ ।

(क) दुई वा सोभन्दा बढी विद्यालयको परिसर एक आपसमा जोडिएको भएमा ।

(ख) दुई वा सोभन्दा बढी विद्यालयबीचको दुरी ३ कि.मी. भन्दा कमभई पैदल यात्राको समय ३० मिनेटभन्दा कम समय लाग्ने विद्यालयहरु भएमा।

(ग)कुनै विद्यालयमा देहायका विद्यार्थी संख्या कायम नरहेमा र भविष्यमा पनि उक्त विद्यार्थी संख्या पुग्ने पर्याप्त आधार नदेखिएमा

| क्र.सं. | कक्षा | न्यूनतम विद्यार्थी संख्या | कैफियत |
|---|---|---|---|
| १ | बालविकास केन्द्र | १० | |
| २ | १-३ | ३० | |
| ३ | १-५ | ५० | |
| ४ | ६-८ | ५१ | |
| ५ | ९-१० | ४० | |
| ६ | ११-१२ | ४० | |

तर नजिकको दूरीमा अन्य विद्यालय नभएको तथा अलग्गै बस्ती भएको भौगोलिक विकटता भएमा त्यस्तो विद्यालय र दूरी आधा घण्टाभन्दा कम भएको तर न्यूनतम विद्यार्थी संख्या नपुगेमा विद्यालय गाभ्न बाध्य पारिने छैन।

**स्पष्टीकरणः** माथि नियम (८) को (१) को (क),(ख) र (ग) मा जुनसुकै कुरा लेखिएको भय तापनि गाभिने वा बन्द गरिने विद्यालयमा सञ्चालित प्रारम्भिक बालविकास कक्षा आवश्यक्ता र औचित्यको आधारमा कायम नै गरिनेछ ।

(घ) नजिकको दूरीमा रहेका र आपसमा गाभिएर उच्च तहको विद्यालयको हैसियत प्राप्त गर्न चाहने दुई वा सोभन्दा बढी विद्यालय ।

(ङ) समायोजन हुने विद्यालयको जनशक्तिलाई विद्यार्थी संख्याको आधारमा समायोजन गर्ने विद्यालयमा पदस्थापना गरिने छ तर उक्त विद्यालयमा विद्यार्थी संख्या अपुग भएमा अन्य विद्यालयमा मिलान गरिनेछ ।

(च) दुई वा दुई भन्दा बढी विद्यालय गाभी नयाँ विद्यालय स्थापना गर्न ठाउँ परिवर्तन गर्न वा तह तथा कक्षा घटाउनका लागि सम्बन्धित विद्यालय र वडाको रायमा नगर शिक्षा समितिले तोकिएको स्थानमा विद्यालय स्थापना वा कक्षा तथा तह घटाउने कार्य गर्नेछ ।

(छ) गाभिने विद्यालयहरुको सबै चल अचल सम्पत्तिको व्यवस्थापन नगरपालिकाले गर्नेछ ।

(ज) नगरपालिकाभित्र सञ्चालित दुई वा दुई भन्दा बढी संस्थागत विद्यालयहरुले विद्यालय गाभ्नका लागि विद्यालय व्यवस्थापन समितिको सिफारिश सहित माग भै आएमा नगर शिक्षा समितिले त्यस्ता विद्यालयहरुलाई गाभ्न सक्नेछ ।

(झ) उपनियम (छ) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिका भित्र सञ्चालनमा रहेका संस्थागत विद्यालयहरुले प्रचलित कानुन अनुसार न्यूनतम पूर्वाधार पूरा नगरेमा शिक्षा समितिले स्थलगत अनुगमन गरी नियमानुसार न्यूनतम पूर्वाधार भएको नपाएमा अनुगमन समितिको राय बमोजिम गाभ्न वा बन्द गर्न सक्नेछ ।

## परिच्छेद-४ समायोजित/समायोजन भएपछि बन्ने विद्यालयको भूमिका

**(९) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि अर्को विद्यालयमा समायोजित भइ जाने विद्यालयको भूमिका देहाय बमोजिम हुनेछः**

(१) समायोजित भइ जाने विद्यालयले शिक्षक, अभिभावक, समाजसेवी तथा शिक्षाप्रेमी, जनप्रतिनिधि तथा विद्यालयका बालबालिका सहितको सामुहिक भेला गरी विद्यालय समायोजनमा जाने विषयमा छलफल तथा अन्तरक्रिया गर्ने । यस क्रममा समायोजनमा जानु पर्ने कारण, समायोजनका सकारात्मक पक्ष समायोजन पश्चात विद्यालयको अवस्था, समायोजनपछि विद्यालयको भौतिक संरचनको प्रयोग, विषय समेतमा छलफल गरी समायोजनमा जाने छलफल गरी निर्णय लिने,

(२) सामुहिक भेलाले गरेको निर्णय समेतका आधारमा विद्यालय व्यवस्थापन समितिले गाभिन जाने विद्यालय र कारण समेत स्पष्ट पारी समायोजनमा जाने निर्णय गर्ने ।

(३) गाभिन जाने विद्यालयको नाम,ठेगाना तथा विद्यालय गाभ्नका लागि भएको दुवै विद्यालयको आधिकारिक निर्णयसहित नगरपालिकामा जानकारी गराउने ।

(४) विद्यालयको सम्पूर्ण अभिलेख नगद तथा जिन्सी खाता र अन्य कागजातहरु समायोजन भएको विद्यालयलाई हस्तान्तरण

**१०) समायोजन एवम् एकीकरण भएपछि बन्ने विद्यालयको भूमिका कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि समायोजन एवम् एकीकरण भएपछि बन्ने विद्यालयको भूमिका देहाय बमोजिम हुनेछ :**

(१) विद्यालय समायोजन वा गाभिएपछि उक्त विद्यालयमा रहेका फर्निचर , सामग्री लगायतका अन्य शैक्षिक सामग्रीहरुको अभिलेख गाभिएको विद्यालयको नाममा जिन्सी खातामा दाखिला गर्नुपर्ने,

(२) विद्यालय समायोजन वा गाभिएपछि गाभिएको विद्यालयमा रहेका शैक्षिक प्रयोजनमा काम नलाग्ने पुराना फर्निचर लगाएतका शैक्षिक सामग्रीको विवरण तयार गरी त्यस्ता भौतिक सामग्रीहरुको सालाखाला न्युनतम मूल्य कायम गरी नगरपालिका समक्ष जानकारी गराउनुपर्ने।

(३) विद्यालय समायोजन वा गभिएपछि गाभिएको विद्यालयको आय आर्जनमा प्रयोग भएका जग्गा जमिनमा कृषि, पशुपालन, व्यावसायिक खेतीपाती आदि गरिएको रहेछ भने त्यसको निरन्तरताको लागि गाभिएको विद्यालयले आवश्यक कागजातसहित नगरपालिकामा पेस गर्नु पर्ने,

(४) अन्य विद्यालयमा गाभिएको विद्यालयको भौतिक सम्पत्ति गाभिएर बनेको विद्यालयले आवश्यकतानुसार प्रारम्भिक बालविकासका कक्षा सञ्चालन, पुस्तकालय, प्रयोगशाला, खेलमैदान, छात्रावास, विद्यालयको प्रशासनिक कार्य सञ्चालन गर्ने,

(५) समायोजन हुने विद्यालयले शिक्षक, अभिभावक, समाजसेवी एवम् शिक्षाप्रेमी, जनप्रतिनिधि तथा विद्यालयका बालबालिका सहितको सामुहिक भेला गरी आफ्नो विद्यालयमा समायोजन हुन आउने विद्यालयको विवरण सहित समायोजन पश्चात् विद्यालयले खेल्नु पर्ने भूमिका, भौतिक पक्षको अवस्था विश्लेषण र थप व्यवस्थापन लगायतका विषयमा छलफल गरी निर्णयमा पुग्ने,

(६) विद्यालय समायोजनका लागि भएको निर्णय सहितको जानकारी नगरपालिकामा पेश गरी अनुमतिका लागि अनुरोध गर्ने ।

(७) नगरपालिकाबाट प्राप्त अनुमतिका आधारमा विद्यालय समायोजन, तह घटुवा र कक्षा घटुवा प्रक्रियालाई शुरु गर्ने ।

(८) समायोजन भइ आएका विद्यालयहरुका शिक्षक तथा विद्यार्थीहरुको अभिलेख अद्यावधिक गर्ने र सोको जानकारी नगरपालिका र शिक्षा विकास तथा समन्वय इकाइमा पेश गर्ने ।

(९) नगरपालिकाको निर्णय अनुसार गाभिन आउने विद्यालयबाट हस्तान्तरण भइ आउने चल अचल सम्पत्तिको जिम्मा लिइ एकीकृत अभिलेख तयार गर्ने ।

(१०) नगरपालिकाको निर्णयको आधारमा विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्ने,

(११) विद्यालय समायोजन वा गाभिए पश्चात उक्त विद्यालयको भवन शौचालय फर्निचर आवासीय भवन आदि निर्माण गर्न अत्यावश्यक भएमा उक्त कार्यको लागत अनुमान सहित नगरपालिकामा निवेदन दिने ।

परिच्छेद (४ ) को उपनियम (९) मा जुनसुकै कुरा भनिए तापनि उक्त बुदामा उल्लेखित कार्य नभएमा विद्यालय समायोजन तथा एकीकरण गर्न कुनै बाधा पर्ने छैन ।

## परिच्छेद-५ विविध

### ११. सहजीकरण समिति व्यबस्थापनः

विद्यालय समायोजन तथा एकीकरण कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न देहायका सदस्यहरु रहको सहजीकरण समिति रहनेछ ।

(क) सामाजिक विकास समिति संयोजक - संयोजक

(ख) नगरप्रमुखले तोकेको एक जना कार्यपालिका सदस्य - सदस्य

(ग) शिक्षकहरु मध्येबाट शिक्षा समितिले तोकेको एक जना महिला शिक्षक सहित २ जना - सदस्य

(घ) शिक्षा शाखा प्रमुख -सदस्य सचिव

**१२. कार्यविधिको व्याख्या तथा संशोधन**

यस कार्यविधिमा भएका व्यवस्थाहरुमा कुनै विवाद आएमा प्रचलित कानुन बमोजिम अन्तिम निर्णय गरिनेछ। साथै कार्यविधि संशोधन आवश्यक भएमा नगर कार्यपालिकाले गर्न सक्नेछ।

**१३. खारेजी र बचाउ**

क) दरबन्दी मिलान कार्यविधि २०८० खारेज गरिएको छ।

(ख) यो दरबन्दी मिलान कार्यविधि २०८० बमोजिम भएका कार्यहरु यसै अनुसार भएको मानिने छ ।

**१४. बाझिएमा अमान्य हुने।**

यस कार्विधिको कुनै व्यवस्था प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म कार्यविधिको व्यवस्था अमान्य हुनेछ।

**समाप्त ।**